# नेपाल सरकार र संयुक्त राजनीतिक दलित संघर्ष समिति तथा दलित सभासद् मञ्चबीच भएको सहमति

आज मिति २०६८ पौष १४ गते सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा शान्ति तथा पुनर्निर्माण मन्त्रीज्यूको संयोजकत्वमा संयुक्त राजनीतिक दलित संघर्ष समिति तथा दलित सभासद् मञ्चबीचका तर्फबाट निम्न बमोजिमको उपस्थितिमा भएको वार्तामा देहाय वमोजिमको सहमति भयो ।

१. कालिकोट जिल्लाको जुविथा गाविस वार्ड नं. ४ का मृतक मनवीर सुनारको छुवाछूतका कारण हत्या गर्ने हत्याराहरुलाई कडा भन्दा कडा कार्वाही गर्ने सहमति भयो ।

२. जातीय भेदभावका कारण मृतयुवरण गरेका कालिकोटका मनवीर सुनारका परिवारलाई राज्यले तत्काल राहत स्वरुप रु. १० लाख उपलव्ध गराउने । साथै मृतकका बालबच्चाको उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था मिलाउने सहमति गरियो ।

३.मृतक मनवीर सुनारलाई शहीद घोषणा गर्ने मागका सम्बन्धमा राज्यले कार्यदल गठन गरि सोको सिफारिसका आधारमा शहीद घोषणाका बारेमा निर्णय लिने सहमति गरियो ।

४. जातीय भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को प्रभाकारी कार्यान्वयनका लागि केन्द्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा केन्द्रीय निर्देशन समिति, दलित आन्दोलनका नेतृत्वसहितको केन्द्रीय सल्लाहकार समिति र जिल्लाहरुमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्लास्तरीय दलित नेतृत्वसमेत रहने गरी र स्थानीय स्तरमा स्थानीय निकायका प्रमुखहरु तथा दलित नेतृत्वहरुको सहभागीता रहने गरी कार्यान्वयन समिति गठन गरी कानुनी कार्वाही र प्रचार प्रसारको यथेष्ठ व्यवस्था गर्ने सहमति गरियो ।

५. दैलेखको तोली गाविसका सेते दमाईको हत्याको घटनालाई राज्यले तत्काल छानविन गरी उचित कार्वाहीको प्रक्रिया अगाडी बढाउने । त्यस्तै कास्की, तनहुँ, सिरहा, दार्चुला, बैतडी लगायत देशका विभिन्न भागमा घटेका छुवाछूतजन्य श्रृंखलावद्ध घटनाहरुको उचित छानविन गरि राज्यले ती घटनामा संलग्न अपराधीहरुलाई कडा कार्वाही गर्ने सहमती भयो ।

**संयुक्त राजनीतिक दलित संघर्ष समितिको तर्फबाट**

१. तिलक परियार - संयोजक - नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा
२. खड्गबहादुर बस्याल- अध्यक्ष - नेपाल दलित संघ
३. जीतु गौतम - अध्यक्ष- नेपाल उत्पीडित जातीय मुक्ति समाज
४. राजेश विश्वकर्मा - अध्यक्ष - जातीय समता समाज
५. केशबहादुर परियार -अध्यक्ष - उत्पीडित जातीय उत्थान संघ (एकीकृत)
६. सेवल राम महरा - अध्यक्ष - नेपाल सद्भावना दलित मंच
७. रञ्जीत पासवान - अध्यक्ष - नेपाल राष्ट्रिय दलित केन्द्र
८. रुपबहादुर परियार - अध्यक्ष - विभेद मुक्ति प्रगतीशिल समाज

**नेपाल सरकारको तर्फबाट**

सत्य पहाडी
मन्त्री

**सभासद् मञ्चको तर्फबाट**

१. खड्गबहादुर विश्वकर्मा
२. शम्भु हजरा पासवान
३. सन्तबहादुर नेपाली
४. कलावती पासवान